पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, माघ २९ गते, २०८२ साल (संख्या ९

## भाग २

## पोखरा महानगरपालिका खर्च संचालन निर्देशिका, २०८१
## (प्रथम संसोधन–२०८२)

| क्र.स | दफा न. | हालको व्यवस्था | संसोधनपछिको व्यवस्था |
|---|---|---|---|
| १. | परिच्छेद ४ को दफा ९ को उपदफा (२३) | स्वास्थ्य शिविर तथा क्लिनिकल तालिम सञ्चालन वापत Consultant रुपमा तालिम दिने विशेषज्ञ चिकित्सक लाई प्रतिदिन पाच हजार रुपैया उपलब्ध गराउन सकिनेछ । | स्वास्थ्य शिविर तथा क्लिनिकल तालिम सञ्चालन वापत Consultant रुपमा तालिम दिने विशेषज्ञहरुलाई प्रतिदिन पाच हजार रुपैया उपलब्ध गराउन सकिनेछ । र स्वास्थ्य सेवाको शिबिर तथा फिल्डमा संचालन हुने कार्यक्रमको हकमा दैनिक सहभागी भत्ता मेडिकल अधिकृतलाई रु १५०० र अन्य स्वास्थ्यकर्मीहरुलाई रु ७०० को दरले उपलब्ध गराईने छ । |

| | | | |
|---|---|---|---|
| २ | परिच्छेद ८ अन्तर्गत दफा २० को उपदफा ३ | महानगरपालिकाको ग्रामिण वडाहरु वडा न. १३ को आर्वा बिजया ,१९ को तल्लाकोट ,२० को मौजा, र वडा न. २१,२२,२३,२४,२८,३२, ३३ मा कार्यरत कर्मचारीहरुको प्रोत्साहन बापत थप मासिक एक हजार पाच सय रुपैया उपलब्ध गराइनेछ। | महानगरपालिकाको ग्रामिण वडाहरु वडा न . १३ को आर्वा बिजया ,१९ को तल्लाकोट ,२० को मौजा, र वडा न. २१,२२,२३,२४,२८,३२,३१ को बेगनास, पचभैया र अर्चलथर, ३३ मा कार्यरत कर्मचारीहरुको प्रोत्साहन बापत थप मासिक एक हजार पाच सय रुपैया उपलब्ध गराइनेछ। |
| ३ | परिच्छेद ९ अन्तर्गत दफा ३१ | पोखरा महानगरपालिकामा खटिई नियुक्ति एवं पदस्थापन हुने अधिकृतस्तर नवौ/दशौ तहका महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका कर्मचारीको पोखरा महानगर पालिका क्षेत्रमा निज वा निजको एकाघर/सगोलको परिवार सदस्यको नाम/स्वामित्वमा घर बास नभएमा आवास सुविधा बापत प्रति महिना १५,०००- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ (कर सहित) एकमुष्ठ उपलब्ध गराउन सकिनेछ। | पोखरा महानगरपालिकामा खटिई नियुक्ति एवं पदस्थापन हुने अधिकृतस्तर नवौ/दशौ तहका महाशाखा प्रमुखको जिम्मेवारीमा रहेका कर्मचारीको पोखरा महानगरपालिका क्षेत्रमा निज वा निजको एकाघर/सगोलको परिवार सदस्यको नाम/स्वामित्वमा घरबास नभएमा आवास सुविधा बापत प्रति महिना २२,०००।- (अक्षरुपी बाइस हजार रुपैयाँ (कर सहित) एकमुष्ठ उपलब्ध गराउन सकिनेछ। |

**प्रमाणिकरण मिति**

२०८२।१०।२९

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**